**जनगणना २०७८ का सन्दर्भमा गणक तालिम सुरुवात भएको विषयमा केन्द्रीय तथ्याङ्क विभागले जारी गरेको प्रेस विज्ञप्ती**

**आदरणीय सञ्चारकर्मी साथीहरु !**

राष्ट्रिय जनगणनाको दोस्रो चरण अन्तरगत देशैभरी आजबाट गणकहरुको तालिम सुरु भएको छ । यस बर्षको जनगणना कार्यका लागि ३९००० गणकहरु हरेक घरपरिवारमा जाँदैछन् । यसका लागि ७७ वटै जिल्लाका ३४९ वटा जनगणना कार्यलयले कात्तिक १३ देखि १६ गतेसम्म तालिम सुरु गरेका छन् ।काठमाण्डौ जिल्लाका ट्याबलेट प्रयोग हुने स्थानमा गणक तालिम कात्तिक १३ देखि १७ सम्म हुनेछ।

गणक तालिममा जनगणना क्षेत्र कसरी पहिचान गर्ने, सही तथ्यांक ल्याउनका लागि गणकले अपनाउनु पर्ने सावधानी, उत्तरदातासँग गर्नुपर्ने व्यवहार, तथ्यांकको गोपनीयता आदि जस्ता बिषयमा गणकलाई जानकारी गराइनेछ। गणकको साना गल्तीले सारा तथ्यांकको विश्वशनीयतामा प्रश्न आउने भएकोले गणकहरुले आफ्नो जिम्मेवारी पुरा गर्न धेरै गम्भिर हुनु पर्दछ। गणकहरुले के कस्ता कुराहरुमा विशेष ध्यान दिनुपर्दछ भनेर पनि गणक तालिममा सिकाइनेछ। गणकहरुले स्थलगत कार्यमा गलत नगरुन भनेर कक्षागत अभ्यास प्रसस्त गरिनेछ।

गणकलाई तालिम दिनका लागि कलेजका शिक्षक, माध्यमिक तहका शिक्षक, सरकारी निकायका अधिकृतस्तरका कर्मचारी र स्नात्तकोतर तह उतिर्ण गरेका सुपरीवेक्षकसमेत गरी करिव १५०० जना प्रशिक्षकहरु खटिनु भएको छ।केन्द्रीय तथ्याङ्क विभाग तथा अन्य मन्त्रालयका अधिकृत, युएनएफपिय र केन्द्रीय विभाग जनसंख्या शास्त्रका जनसंख्याविद् गरी करिव १०० जना देशैभर सञ्चालन हुने गणक तालिमको अनुगमन तथा अवलोकनको लागि खटिएका छन्।

व्यक्ति तथा पारिवारिक विवरण संकलन जनगणनाको मूल काम हो। यस अन्तरगत हरेक घरपरिवारमा गणक पुगेर घरमुलीसँग परिवारका सदस्यको पारिवारिक तथा व्यक्तिगत विवरण लिन्छन्। व्यक्तिको नाम, उमेर, घरमुलीसँगको नाता, शिक्षा, पेशा, रोजगारीका क्षेत्र, जाति, धर्म, भाषा, बसाईसराई, अपाङ्गता आदिजस्ता प्रश्नहरु सोधिन्छ। यसपालीको जनगणनामा ५५ वटा प्रश्नहरु सोधिनेछन्। यी सबै प्रश्न गणकले हरेक घरपरिवारमा गएर सोध्नेछन्। हाम्रो अनुमानमा एउटा घरका लागि एकजना गणकले सबै प्रश्न सोध्न परिवारको आकार हेरी २० देखि ३० मिनेटको समय लगाउनेछन्।

गणनाका क्रममा कुनै घर नछुटुन् र नदोहोरिउन भन्नका लागि जनगणना नक्साको प्रयोग गरिएको छ। त्यसैका गणना क्षेत्र नक्शा र पहिलो चरणमा सुपरिवेक्षकबाट संकलित सूचीका आधारमा गणकले आफूले गणना गर्नुपर्ने घरको पहिचान गर्दछन्। गणकहरुलाई गणनाको क्रममा केही समस्या परेमा स्थनीय तहका प्रतिनिधिहरुले पनि सहजिकरण गर्ने व्यवस्था गरिएको छ। गणक तालिम सकिएपछि कार्तिकको २५ गते देखि मंसिरको ९ गतेसम्म मूल जनगणना कार्य हुनेछ ।

२०७८ कात्तिक १३ गते

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
**केन्द्रीय तथ्याङ्क विभाग**

२०७८/७/१३

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग
२०१५